"रुरुक्षेत्र समृद्धिको आधारः कृषि पर्यटन र स्वरोजगार"

# रुरुक्षेत्र गाउँपालिका उपाध्यक्ष मिनादेवी गौतमले गाउँसभाको २० औं अधिवेशनमा प्रस्तुत गर्नुभएको आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम

रुरुक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घिउवेंसी, गुल्मी
१० असार, २०८३

श्रद्धेय सभाध्यक्ष ज्यू,

गाउँसभाका सदस्य ज्यूहरु,

१. नेपालको संविधानको धारा २३० बमोजिम स्थानीय तहको वार्षिक बजेट प्रस्तुत गर्ने संवैधानिक व्यवस्था अनुरूप रुरुक्षेत्र गाउँपालिकाको यस गरिमामय गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को राजश्व र व्ययको अनुमान (बजेट) प्रस्तुत गर्न पाउँदा मैले गौरव र जिम्मेवारीबोधको अनुभूति गरेको छु ।

२. यस महत्वपूर्ण अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलन, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा नागरिक अधिकार प्राप्तिको संघर्षमा आफ्नो अमूल्य जीवन समर्पण गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै रुरुक्षेत्रको विकास, समृद्धि र सामाजिक रूपान्तरणको यात्रामा योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रज व्यक्तित्वहरू, आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक सम्मान व्यक्त गर्दछु।

३. सीमित स्रोत साधन, भौगोलिक चुनौती र बढ्दो नागरिक अपेक्षाका बीच पनि विगतका वर्षहरूमा हामीले पूर्वाधार

विकास, शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, सामाजिक समावेशीकरण, सेवा प्रवाह सुधार तथा संस्थागत विकासका क्षेत्रमा महत्वपूर्ण उपलब्धिहरू हासिल गरेका छौं। चालु आर्थिक वर्षका नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त अनुभव, सिकाइ र उपलब्धिलाई आधार बनाउँदै आगामी आर्थिक वर्षको बजेटलाई थप यथार्थपरक, परिणाममुखी, उत्पादनमुखी र रुरुक्षेत्रको मौलिक पहिचानसँग जोडिएको बनाउने प्रयास गरिएको छ।

४. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा संविधान, प्रचलित कानुन, संघीय तथा प्रदेश सरकारका नीति, मार्गदर्शन, गाउँपालिकाको नीति तथा कार्यक्रम, आवधिक योजना, मध्यमकालीन खर्च संरचना, दिगो विकास लक्ष्य तथा स्थानीय आवश्यकता र प्राथमिकतालाई मुख्य आधार बनाइएको छ। साथै वडा, बस्ती तथा टोल स्तरबाट नागरिक सहभागितामार्फत प्राप्त योजना तथा सुझावलाई प्राथमिकताका साथ समेटिएको छ।

५. रुरुक्षेत्र गाउँपालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणको स्पष्ट दिशाका रूपमा **"रुरुक्षेत्र समृद्धिको आधार : कृषि, पर्यटन र स्वरोजगार"** भन्ने मूल नारालाई आत्मसात् गरिएको छ। यस नारालाई व्यवहारमा रूपान्तरण गर्न कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरण, उत्पादन वृद्धि, स्थानीय उद्यमशीलताको विकास, धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन, दलित जनजाती तथा युवा जनशक्तिलाई सीप तथा रोजगारीसँग जोड्ने र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने कार्यक्रमहरूलाई बजेटमा विशेष प्राथमिकता दिइएको छ।

६. संघीय सरकार र लुम्बिनी प्रदेश सरकारका नीति तथा प्राथमिकतासँग समन्वय गर्दै उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा विस्तार, प्रविधिमैत्री सेवा प्रवाह, पूर्वाधार विकास, वातावरण संरक्षण, विपद् व्यवस्थापन र सुशासन प्रवर्द्धनलाई बजेटका प्रमुख आधारस्तम्भका रूपमा लिइएको छ।

७. सीमित स्रोतलाई अधिकतम प्रतिफल दिने गरी बजेट विनियोजन गरिएको छ। बजेट कार्यान्वयनमा पारदर्शिता, जवाफदेहिता, प्रभावकारिता र नतिजामुखी अनुगमन प्रणालीलाई विशेष प्राथमिकता दिइनेछ। विकास निर्माणका कार्यलाई समयमै सम्पन्न गर्ने, सार्वजनिक स्रोतको मितव्ययी उपयोग गर्ने र नागरिकले प्रत्यक्ष अनुभूति गर्ने सेवा प्रवाह सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

**श्रद्धेय सभाध्यक्ष ज्यू, गाउँसभाका सदस्य ज्यूहरु,**

शुरुमा म आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत गर्न खोजिएका मुख्य मुख्य नीतिगत तथा कार्यगत सुधारका विषयवस्तु उल्लेख गर्न चाहन्छु ।

८. महिला सशक्तीकरण र समावेशी आर्थिक विकासको अवधारणालाई आत्मसात गर्दै दलित महिला र एकल महिलाले सञ्चालन गर्ने व्यवसायलाई प्रोत्साहन गर्न व्यवसाय दर्ता शुल्कमा ५० प्रतिशत छुट दिइनेछ। उद्यमशीलता विकासमार्फत उनीहरूको आर्थिक आत्मनिर्भरता अभिवृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।

९. बजेट विनियोजन प्रणालीलाई परम्परागत योजना वितरणमुखी अभ्यासबाट क्रमशः परिणाममुखी र उत्पादनमुखी बनाइनेछ। सीमित स्रोत साधनलाई उच्च प्रतिफल दिने आयोजना तथा कार्यक्रमतर्फ केन्द्रित गर्दै नागरिकको प्रत्यक्ष लाभ हुने, रोजगारी सिर्जना गर्ने र स्थानीय अर्थतन्त्र चलायमान बनाउने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

१०. कृषिलाई निर्वाहमुखी क्षेत्रबाट व्यवसायिक र आयमूलक क्षेत्रका रूपमा विकास गरिनेछ। उत्पादनमा आधारित प्रोत्साहन, कृषि यान्त्रिकीकरण, आधुनिक प्रविधि तथा आवश्यक सामग्रीमा सहुलियत उपलब्ध गराई कृषकको उत्पादकत्व वृद्धि गरिनेछ। पशुपालन क्षेत्रमा औषधि, खोप तथा प्राविधिक सेवालाई थप प्रभावकारी बनाइनेछ।

११. युवा जनशक्तिलाई सीप, प्रविधि र उद्यमशीलतासँग जोड्दै स्वरोजगार तथा स्थानीय रोजगारी सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ। कृषि, पशुपालन, घरेलु उद्योग, पर्यटन तथा स्थानीय स्रोतमा आधारित उद्यम विकासलाई प्राथमिकता दिइनेछ।

१२. शिक्षाको गुणस्तर सुधार गर्न शिक्षक क्षमता विकास, प्रविधिमैत्री शिक्षण, विद्यार्थीको सिकाइ उपलब्धि सुधार तथा प्रतिस्पर्धात्मक क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिइनेछ। शिक्षा क्षेत्रलाई रोजगार तथा सीप विकाससँग जोड्ने नीति अवलम्बन गरिनेछ।

१३. स्वास्थ्य सेवामा नागरिकको समान पहुँच सुनिश्चित गर्न आधारभूत स्वास्थ्य सेवा, घरदैलो स्वास्थ्य सेवा, लक्षित

समूहका लागि विशेष स्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।

१४. "डिजिटल गाउँपालिका" को अवधारणालाई क्रमशः कार्यान्वयन गर्दै सूचना प्रविधिमा आधारित सेवा प्रणाली विकास गरिनेछ। अभिलेख व्यवस्थापन, अनलाइन सेवा, पारदर्शिता र नागरिकको सहज पहुँचलाई प्राथमिकता दिइनेछ।

१५. सडक, खानेपानी, भवन तथा अन्य पूर्वाधारलाई नागरिक सेवा र उत्पादनसँग जोडिनेछ। नयाँ निर्माणसँगै मर्मत सम्भार, संरक्षण र दीगो उपयोगमा विशेष ध्यान दिइनेछ।

१६. सार्वजनिक स्रोत साधनको मितव्ययी, पारदर्शी र प्रभावकारी उपयोग सुनिश्चित गरिनेछ। आन्तरिक नियन्त्रण प्रणाली, बेरुजु न्यूनीकरण, नियमित अनुगमन तथा संस्थागत क्षमता विकासलाई थप सुदृढ बनाइनेछ।

## श्रद्धेय सभाध्यक्ष ज्यू, गाउँसभाका सदस्य ज्यूहरु,

अब म आगामी आर्थिक वर्षको आय व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।

आम्दानी (आय) तर्फः

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| | संघीय सरकार | |
| १ | वित्तीय समानीकरण अनुदान | ८ करोड ४९ लाख |
| २ | सशर्त अनुदान | २५ करोड ६८ लाख |
| ३ | विशेष अनुदान | २ करोड |
| ४ | समपुरक अनुदान | १ करोड २९ लाख |
| संघीय सरकारको अनुदान जम्माः ३७ करोड ४६ लाख | | |
| | प्रदेश सरकार | |
| १ | वित्तीय समानीकरण अनुदान | ५७ लाख ६१ हजार |
| २ | सशर्त अनुदान | १ करोड २३ लाख |
| ३ | विशेष अनुदान | २१ लाख |
| ४ | समपुरक अनुदान | ७५ लाख |
| प्रदेश सरकारको अनुदान जम्माः २ करोड ७६ लाख ६१ हजार | | |
| आन्तरिक आय (राजश्व बाँडफाँड) | | |
| १ | संघीय सरकारबाट प्राप्त | ७ करोड ५१ लाख ३९ हजार |
| २ | प्रदेश सरकारबाट प्राप्त | ९७ लाख ३२ हजार |
| ३ | गाउँपालिकाको आम्दानी | १ करोड ७६ लाख |
| ४ | अ.ल्या. | १ करोड २१ लाख ३९ हजार |
| | जम्मा आन्तरिक आय | ११ करोड ४६ लाख १० हजार |
| कुल जम्मा आयः ५१ करोड ६८ लाख ७१ हजार | | |

खर्च (व्यय) तर्फः

- चालु खर्चः ३८ करोड ९१ लाख ७१ हजार ।
- पुँजीगत खर्चः १२ करोड ७७ लाख ।
- जम्मा व्ययः ५१ करोड ६८ लाख ७१ हजार ।

यसरी आ.व. २०८२/०८३ को बजेट भन्दा आगामी आ.व. २०८३/०८४ को आय व्यय अनुमान (बजेट) रु. ३ करोड ९७ लाख ४८ हजारले कम रहेको ।

**श्रद्धेय सभाध्यक्ष ज्यू, गाउँसभाका सदस्य ज्यूहरु,**

अव म आगामी आर्थिक बर्षको क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सामाजिक विकास तर्फः**

**१७. शिक्षाः**

- गुणस्तरीय, पहुँचयोग्य, समावेशी तथा प्रविधिमैत्री शिक्षा प्रणालीको विकास गर्दै गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर सुधार, विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि, शिक्षकको क्षमता विकास, विद्यालयको संस्थागत सुदृढीकरण तथा शैक्षिक वातावरण सुधार गर्ने उद्देश्यले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखिएको छ।यसका लागि संघीय सशर्त अनुदान

बाहेक शिक्षा क्षेत्रमा **रु. २ करोड ६३ लाख ८५ हजार** बजेट विनियोजन गरेको छु।

- शिक्षा क्षेत्रको सुधारका लागि प्रारम्भिक बालविकास सहजकर्ता, विद्यालय कर्मचारी तथा स्थानीय स्रोतका शिक्षकहरूको सेवा सुविधा व्यवस्थापनलाई प्राथमिकता दिंदै अस्थायी दरबन्दीमा कार्यरत प्रारम्भिक बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको थप तलब व्यवस्थापनका लागि **रु. ८० लाख**, गाउँपालिका अनुदानमा कार्यरत प्रारम्भिक बालविकास सहजकर्ताको तलबभत्ताका लागि **रु. ७ लाख ८३ हजार** र स्थानीय स्रोतका शिक्षकहरूको तलबभत्ताका लागि **रु. ५० लाख ९७ हजार** विनियोजन गरेको छु।
- विद्यालयको शैक्षिक नेतृत्वलाई प्रभावकारी बनाउन प्रधानाध्यापकको जिम्मेवारी र कार्यसम्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रधानाध्यापक प्रोत्साहन भत्ता तथा प्रधानाध्यापक बैठक सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- शैक्षिक योजना निर्माण र सुधारका लागि गाउँ शिक्षा समिति बैठक, शैक्षिक अनुगमन, विविध शैक्षिक कार्यक्रम सञ्चालन तथा पालिका स्तरीय शैक्षिक

क्यालेण्डर प्रकाशनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

- विद्यार्थीको सिकाइ उपलब्धि मापन, शैक्षिक गुणस्तर सुधार र विद्यालयबीच सकारात्मक प्रतिस्पर्धा विकास गर्न पालिका स्तरीय वार्षिक परीक्षा सञ्चालनका लागि **रु. ७ लाख** व्यवस्था गरेको छु।
- शिक्षकहरूको क्षमता विकास तथा प्रविधिमैत्री शिक्षण सिकाइ प्रवर्द्धन गर्न ICT/EMIS सम्बन्धी तालिम, विषयगत शिक्षक तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- उत्कृष्ट नतिजा हासिल गर्ने शिक्षक, विद्यार्थी, प्रधानाध्यापक तथा विद्यालयलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रमका लागि **रु. १० लाख** बजेट व्यवस्था गरेको छु।
- विद्यार्थीको सर्वाङ्गीण विकासका लागि अतिरिक्त क्रियाकलाप, शैक्षिक प्रदर्शनी, स्काउट शिक्षा, खेलकुद कार्यक्रम, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा पालिका कप खेलकुद प्रतियोगिता सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

- शिक्षामा अभिभावकको भूमिका अभिवृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। साथै गरिब तथा जेहेन्दार विद्यार्थीलाई पोशाक तथा शैक्षिक सामग्री उपलब्ध गराउने कार्यक्रमका लागि **रु. ३ लाख** र छोरी तथा बुहारीलाई उच्च शिक्षा अध्ययनमा सहयोग पुऱ्याउने छात्रवृत्ति कार्यक्रमका लागि **रु. ५ लाख** विनियोजन गरेको छु।
- गाउँपालिकाका युवाहरूलाई प्रतिस्पर्धात्मक परीक्षामार्फत रोजगारीका अवसरसँग जोड्न लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालनका लागि **रु. ५ लाख** बजेट व्यवस्था गरेको छु।
- विद्यालयमा अध्ययनरत विद्यार्थीको पहुँच विस्तार तथा नियमित पठनपाठन सुनिश्चित गर्न विद्यालय बस चालक तलब अनुदानका लागि **रु. ९ लाख ७५ हजार** तथा जनज्योती मा.वि. मा यातायात सुविधा विस्तारका लागि सवारी साधन खरिदमा **रु. ३० लाख** बजेट व्यवस्था गरेको छु।
- प्रविधिमैत्री शिक्षा विकासका लागि विद्यालयहरूमा आवासीय कक्षा सञ्चालन, शैक्षिक अवलोकन भ्रमण, लिडर विद्यालयमार्फत अतिरिक्त क्रियाकलाप तथा

अन्य शैक्षिक सुधारका कार्यक्रम सञ्चालन गरिनेछ। त्यसैगरी प्रसूति बिदामा रहेका शिक्षकको स्थानमा सट्टा शिक्षक व्यवस्थापन गरी विद्यार्थीको सिकाइ निरन्तरता कायम गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

## १८. स्वास्थ्यः

- स्वास्थ्यलाई नागरिकको मौलिक अधिकारको रूपमा आत्मसात् गर्दै सबै नागरिकलाई सहज, गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखिएको छ। आधारभूत स्वास्थ्य सेवा विस्तार, मातृ तथा शिशु स्वास्थ्य सुधार, रोग रोकथाम, स्वास्थ्य प्रवर्द्धन, औषधि व्यवस्थापन तथा लक्षित वर्गका लागि विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न आगामी आर्थिक वर्षमा स्वास्थ्य क्षेत्रमा **रु. १ करोड ८६ हजार** बजेट विनियोजन गरेको छु।
- गाउँपालिकाभित्र गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गर्न बर्थिङ सेन्टर तथा प्रयोगशाला सेवा सञ्चालन, करारमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीको सेवा व्यवस्थापन, स्वास्थ्य संस्थाको नियमित

सञ्चालन तथा सेवा प्रवाह प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

- नागरिकको जीवनसँग प्रत्यक्ष सम्बन्धित अत्यावश्यक औषधिको नियमित उपलब्धता सुनिश्चित गर्न औषधि खरिद, आकस्मिक औषधि व्यवस्थापन, खोप तथा आवश्यक इन्जेक्सन खरिद, स्वास्थ्य सामग्री व्यवस्थापन तथा स्वास्थ्य संस्थाको स्टोर व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- स्वास्थ्य सेवामा आर्थिक अवस्थाका कारण पहुँचबाट वञ्चित हुन नदिन विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम तथा निःशुल्क रक्त सहयोग कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु ।
- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीका लागि आवश्यक व्यवस्थापन, स्वास्थ्य संस्था सञ्चालन खर्च, जनस्वास्थ्य कार्यक्रम तथा अन्य स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

## १९. महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, अपाङ्गता, तथा कला संस्कृतिः

- सामाजिक न्याय, समान अवसर, समावेशी विकास र संरक्षणको सिद्धान्तलाई आत्मसात् गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत तथा पछाडि पारिएका समुदायको सशक्तीकरण र सामाजिक सुरक्षालाई प्राथमिकतामा राखिएको छ। यस क्षेत्रका कार्यक्रम सञ्चालनका लागि रु. ३१ लाख २९ हजार बजेट विनियोजन गरेको छु।
- महिला सशक्तीकरण तथा लैङ्गिक समानता प्रवर्द्धनका लागि लैङ्गिक हिंसा न्यूनीकरण, सचेतना अभिवृद्धि, महिला नेतृत्व विकास तथा महिला विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ। लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रिय नारी दिवस तथा महिला विकास कार्यक्रम सञ्चालनका लागि समग्रमा **रु. ५ लाख** बजेट व्यवस्था गरेको छु।
- बालबालिकाको अधिकार संरक्षण, सहभागिता अभिवृद्धि तथा बालमैत्री वातावरण निर्माण गर्ने उद्देश्यले **बालमैत्री स्थानीय शासन कार्यक्रम**

सञ्चालनका लागि **रु. ३ लाख** बजेट विनियोजन गरेको छु।

- रुरुक्षेत्र गाउँपालिकाको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पहिचान संरक्षण र प्रवर्द्धन गर्दै धार्मिक मेला, महोत्सव तथा महास्नान मेला व्यवस्थापनका लागि **रु. ३ लाख** बजेट व्यवस्था गरेको छु साथै स्थानीय कला, संस्कृति र परम्पराको संरक्षण तथा पुस्तान्तरणका लागि भजन प्रतियोगिता सञ्चालन तथा आवश्यक सामग्री वितरण कार्यक्रमका लागि **रु. ३ लाख** बजेट विनियोजन गरेको छु।
- बढ्दो बसाइँसराइ, युवा जनशक्तिको पलायन तथा निरन्तर घट्दो जन्मदरका कारण स्थानीय जनसंख्यामा देखिएको चुनौतीलाई सम्बोधन गर्दै सामाजिक मूल्य र भावी पुस्ताको संरक्षणका लागि तीन सन्तान जन्माउने दम्पति प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु।

**२०. खानेपानी तथा सरसफाईः**

- सबै नागरिकको घरमा सुरक्षित र व्यवस्थित खानेपानीको पहुँच सुनिश्चित गर्ने उद्देश्यले **"एक घर, एक धारा"** अभियानलाई प्रभावकारी रूपमा

कार्यान्वयन गर्दै गाउँपालिकालाई "एक घर एक धारा" सुनिश्चित भएको पालिकाको रूपमा घोषणा गर्ने लक्ष्यका साथ आवश्यक कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।

- स्वच्छ, सफा र स्वस्थ गाउँपालिका निर्माणका लागि पूर्ण वडा सरसफाइ अभियान सञ्चालन, नागरिक सचेतना अभिवृद्धि, सार्वजनिक स्थानको सरसफाइ तथा सरसफाइसम्बन्धी व्यवहार परिवर्तनका कार्यक्रम सञ्चालन गर्न पूर्ण वडा सरसफाइ कार्यक्रमका लागि रु. २ लाख बजेट व्यवस्था गरेको छु।

समग्रमा, सामाजिक विकासलाई समृद्धिको आधारका रूपमा लिँदै गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, समावेशीकरण, युवा तथा खेलकुद विकास, सुरक्षित खानेपानी तथा सरसफाइ लगायतका क्षेत्रमा नागरिकको प्रत्यक्ष लाभ र दीर्घकालीन प्रभाव पर्ने कार्यक्रमहरू सञ्चालन गर्न आगामी आर्थिक वर्षमा सामाजिक विकास क्षेत्रतर्फ कुल रु. ४ करोड बजेट विनियोजन गरेको छु।

## आर्थिक विकास तर्फः

### २१. पशु विकास

- कृषिलाई निर्वाहमुखी अवस्थाबाट क्रमशः व्यवसायिक, आधुनिक र बजारमुखी बनाउँदै उत्पादन वृद्धि, कृषकको लागत न्यूनीकरण तथा प्रविधि हस्तान्तरणका लागि आगामी आर्थिक वर्षमा पशु विकास क्षेत्रमा **कुल रु. ५८ लाख २५ हजार** बजेट विनियोजन गरेको छु।
- कृषि तथा पशुपालन क्षेत्रको प्रवर्द्धनका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई प्राथमिकतामा राख्दै व्यवसायिक कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यले **कृषकलाई उत्पादनमा आधारित अनुदान कार्यक्रमका लागि रु. २० लाख** बजेट व्यवस्था गरेको छु।
- व्यवसायिक रूपमा पशुपालन गर्ने कृषकहरूको उत्पादन क्षमता वृद्धि गर्न भकारो, खोर सुधार तथा मर्मत कार्यक्रम सञ्चालनका लागि **रु. ५ लाख** बजेट विनियोजन गरेको छु।

- कृषकको माग र आवश्यकता अनुसार कृषि तथा पशुपालन सम्बन्धी प्रविधि, सामग्री तथा सहयोग उपलब्ध गराउन **मागमा आधारित अनुदान कार्यक्रमका लागि रु. १५ लाख** बजेट व्यवस्था गरेको छु।
- पशुपालनलाई आधुनिक र श्रममैत्री बनाउन आवश्यक उपकरण खरिद तथा व्यवस्थापनका लागि रु. २ लाख बजेट व्यवस्था गरेको छु । साथै कृषि क्षेत्रमा नवीन प्रविधि तथा नवप्रवर्तनलाई प्रवर्द्धन गर्दै AI मिसन कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

## २२. कृषि विकास

- कृषि क्षेत्रलाई स्थानीय अर्थतन्त्रको प्रमुख आधारको रूपमा विकास गर्दै कृषकको उत्पादन वृद्धि, लागत न्यूनीकरण, व्यवसायीकरण प्रवर्द्धन तथा कृषि पेशामा आकर्षण बढाउने उद्देश्यले कृषि विकास सम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकतामा राखिएको छ।

- कृषकलाई आधुनिक कृषि प्रविधि, उत्पादन सामग्री, प्राविधिक ज्ञान तथा बजारसँग जोड्दै कृषि उत्पादन वृद्धि र आत्मनिर्भरता अभिवृद्धिका लागि आगामी आर्थिक वर्षमा कृषि विकास क्षेत्रमा **कुल रु. १९ लाख ५० हजार** बजेट विनियोजन गरेको छु।
- कृषि उत्पादनमा देखिने रोग तथा कीरा व्यवस्थापन गर्दै उत्पादनको गुणस्तर वृद्धि गर्न **बाली संरक्षण कार्यक्रमका लागि रु. ७ लाख** बजेट व्यवस्था गरेको छु।
- कृषिलाई व्यवसायिक बनाउँदै उत्पादन विस्तार गर्न बैंक तथा वित्तीय संस्थाबाट ऋण लिई खेती गर्ने कृषकलाई आर्थिक भार न्यूनीकरण गर्ने उद्देश्यले **बैंक ऋणको ब्याजमा सहुलियत कार्यक्रमका लागि रु. ५ लाख** बजेट विनियोजन गरेको छु।

## २३. सहकारी, पर्यटन तथा उद्यम विकास कार्यक्रम

- स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउँदै सहकारी क्षेत्रको संस्थागत विकास, उद्यमशीलता प्रवर्द्धन, स्थानीय स्रोत र सम्भावनाको उपयोग तथा

रुरुक्षेत्रको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय पहिचानलाई आर्थिक विकाससँग जोड्ने उद्देश्यले सहकारी, पर्यटन तथा उद्यम विकास क्षेत्रलाई प्राथमिकतामा राखिएको छ।

यस क्षेत्रका कार्यक्रमहरू कार्यान्वयनका लागि आगामी आर्थिक वर्षमा कुल रु. ३२ लाख ७५ हजार बजेट विनियोजन गरेको छु।

- रुरुक्षेत्र गाउँपालिकाको धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पर्यटन सम्भावनालाई व्यवस्थित रूपमा विकास गर्दै पर्यटन पूर्वाधार र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्न स्थानीय सडक नक्साङ्कन तथा पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि रु. ४ लाख ५० हजार बजेट विनियोजन गरेको छु।
- स्थानीय संस्कृति, आतिथ्यता र मौलिक पहिचानलाई पर्यटनसँग जोड्दै स्थानीय आयआर्जनका अवसर सिर्जना गर्ने उद्देश्यले होमस्टे सञ्चालन तथा सामुदायिक ट्रस्ट निर्माण कार्यक्रमका लागि रु. ४ लाख बजेट व्यवस्था गरेको छु।
- रुरुक्षेत्रको धार्मिक तथा सांस्कृतिक महत्वलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालन हुँदै आएको रुरुक्षेत्र गंगा आरती

कार्यक्रमलाई निरन्तरता दिन रु. ६ लाख बजेट विनियोजन गरेको छु।

- धार्मिक तथा पर्यटकीय क्षेत्रसँग सम्बन्धित गौ संरक्षण तथा व्यवस्थापनलाई व्यवस्थित बनाउन गौशाला व्यवस्थापन खर्चका लागि रु. ४ लाख बजेट व्यवस्था गरेको छु।

समग्रमा, "कृषि, पर्यटन र उद्यमशीलतामार्फत आत्मनिर्भर र समृद्ध रुरुक्षेत्र" निर्माण गर्ने लक्ष्यका साथ कृषि विकास, पशुपन्छी विकास, सहकारी प्रवर्द्धन, पर्यटन विकास तथा स्थानीय उद्यम विकासका कार्यक्रमहरू कार्यान्वयन गर्न आगामी आर्थिक वर्षमा आर्थिक विकास क्षेत्रतर्फ जम्मा रु. १ करोड १० लाख बजेट विनियोजन गरेको छु।

## वन वातावरण तथा विपद् व्यवस्थापन तर्फः

२४. वातावरण संरक्षण, प्राकृतिक स्रोतको दिगो व्यवस्थापन, जलवायु परिवर्तनका असर न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राख्दै सुरक्षित र उत्थानशील रुरुक्षेत्र निर्माणका

लागि वन, वातावरण तथा विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

- विपद्को समयमा तत्काल राहत, उद्धार तथा व्यवस्थापनका कार्यलाई थप प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोष संचालन, आवश्यक विपद् व्यवस्थापन सामग्री खरिद तथा जोखिम न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। साथै जलस्रोत संरक्षण, भूमिगत पानी पुनर्भरण, वातावरणीय सन्तुलन कायम तथा हरियाली प्रवर्द्धनका लागि पुनर्भरण पोखरी निर्माण, संरक्षण तथा वृक्षारोपण कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- उक्त कार्यक्रमहरू कार्यान्वयन गर्न आगामी आर्थिक वर्षमा वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रतर्फ कुल रु. ३५ लाख बजेट विनियोजन गरेको छु।

**<u>पूर्वाधार विकास तर्फः</u>**

२५. नागरिकको सहज आवागमन, आर्थिक गतिविधिको विस्तार, सेवा प्रवाहमा पहुँच वृद्धि तथा समग्र विकासको आधारका रूपमा रहेको पूर्वाधार क्षेत्रलाई प्राथमिकतामा राख्दै सडक, भवन, पर्यटन पूर्वाधार, शिक्षा तथा स्वास्थ्य

पूर्वाधार विकासका कार्यक्रमहरूलाई निरन्तरता दिइएको छ। जसका लागि संघ तथा प्रदेशबाट विनियोजित रकम बाहेक पूर्वाधार विकास क्षेत्रतर्फ थप रु. ४ करोड ५३ लाख बजेट विनियोजन गरेको छु।

२६. संघीय समपूरक योजना अन्तर्गत एक्लेपिपल-भट्कुवा-जौखोला मोटरबाटो कालोपत्रे योजनालाई निरन्तरता दिन रु १ करोड १८ लाख ५० हजार वजेट व्यवस्था गरेको छु ।

२७. रुरुक्षेत्रको गौरवको योजनाको रुपमा रहेको आमपोखरा- लामाखर्क- झमादी- ओखलढुङ्गा- रातामाटा सडक कालोपत्रे कार्यलाई वहुवर्षिय योजना अन्तर्गत संघीय समपूरक योजनामा समावेश गरि आगामी आ.व. को लागि रु १ करोड ३९ लाख ५० हजार बजेट व्यवस्था गरेको छु।

२८. प्रदेश समपूरक योजना अन्तर्गत चौतारा- नेटा- लोक्मा- देउराली सडक स्तरोन्नती कार्य आगामी वर्ष सम्पन्न गर्ने गरी आवश्यक वजेटको व्यवस्था गरेको छु साथै बलेटक्सार-त्वाँगा-लामपाटा-बगाउने सडक स्तरोन्नति

कार्यलाइ पनि प्रदेश समपूरक योजनामा समावेश गरी रु. ४० लाख बजेट व्यवस्था गरेको छु ।

## <u>सुशासन तथा संस्थागत विकास तर्फः</u>

२९. कर्मचारी तथा सेवा प्रदायक जनशक्तिको मनोबल उच्च राख्दै प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने उद्देश्यले स्थानीय तहमा कार्यरत कर्मचारीहरूको **सेवा सुविधा तथा सामाजिक सुरक्षा**लाई प्राथमिकतामा राखिएको छ जस अन्तर्गतः

- नेपाल सरकारले आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत राष्ट्रसेवक कर्मचारीहरूको तलवमान, महंगी भत्ता र प्रोत्साहन भत्ता सम्बन्धी व्यवस्था अनुसार रुरुक्षेत्र गाउँपालिकामा स्वीकृत स्थायी दरवन्दिमा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरूको तलवमान, महंगी भत्ता तथा प्रोत्साहन भत्ता सोही बमोजिम समायोजन गरी वृद्धि गर्ने व्यवस्था गरेको छु।
- कार्यालय सञ्चालन तथा सेवा प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने कार्यालय सहयोगीहरूको पारिश्रमिकमा वृद्धि गरी मासिक रु. २० हजारबाट रु. २५ हजार कायम गर्ने व्यवस्था गरेको छु।

- स्थानीय सुरक्षा व्यवस्थापन तथा विपद्, बजार अनुगमन, सार्वजनिक सम्पत्ति संरक्षण लगायतका कार्यमा परिचालन हुने नगर प्रहरी जवानहरूको पारिश्रमिक मासिक रु. २१ हजारबाट वृद्धि गरी रासन सुविधासहित रु. २५ हजार कायम गरेको छु। साथै नगर प्रहरी सहायक निरीक्षकको पारिश्रमिक रासन सुविधासहित मासिक रु. २४ हजारबाट वृद्धि गरी रु. २८ हजार कायम गर्ने व्यवस्था मिलाएको छु।
- वडाबाट प्रवाह हुने दैनिक प्रशासनिक तथा सेवा सहजीकरण कार्यमा संलग्न कार्यालय सहायकहरूको पारिश्रमिक वृद्धि गरी रु. ३० हजार कायम गरेको छु।
- स्वास्थ्य सेवाको गुणस्तर र निरन्तरता कायम गर्न गाउँपालिकाका स्वास्थ्य संस्थाहरूमा कार्यरत पालिका दरबन्दीका स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहित गर्दै स्वीकृत दरबन्दीअनुसारको पूर्ण तलब स्केल (Full Scale) उपलब्ध गराउने व्यवस्था गरेको छु।नयाँ तलब स्केल सम्वत् २०८३ साउन १ गतेदेखि लागू हुनेछ ।

- स्थानीय तहको सेवा प्रवाहमा संलग्न गाउँपालिका तथा अन्तर्गतका कार्यालयमा कार्यरत अस्थायी दरबन्दीका कर्मचारी तथा विद्यालयमा कार्यरत प्रारम्भिक बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी लगायतका सेवा प्रदायक जनशक्तिको सामाजिक सुरक्षा सुनिश्चित गर्न नागरिक सुरक्षा कोषमा आबद्ध गर्ने व्यवस्था मिलाएको छु। यस कार्यक्रम अन्तर्गत सम्बन्धित कर्मचारीको तर्फबाट ११ प्रतिशत योगदान र गाउँपालिकाको तर्फबाट २० प्रतिशत योगदान गरी सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्ने व्यवस्था गरिनेछ। यसका लागि आगामी आर्थिक वर्षमा रु. ५० लाख बजेट विनियोजन गरेको छु।
- यसबाट स्थानीय तहमा कार्यरत कर्मचारी तथा सेवा प्रदायक जनशक्तिको सामाजिक सुरक्षा, सेवा स्थायित्व र मनोबल वृद्धि भई नागरिकमैत्री तथा प्रभावकारी सेवा प्रवाहमा थप योगदान पुग्ने विश्वास लिएको छु।

३०. नागरिक केन्द्रित सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारीलाई जिम्मेवार, उत्प्रेरित र परिणाममुखी बनाउने उद्देश्यले कर्मचारी प्रोत्साहन तथा पुरस्कार, बैठक

व्यवस्थापन, कर्मचारी कल्याण, सामाजिक सुरक्षा तथा आवश्यक सेवा सुविधाका लागि बजेट विनियोजन गरेको छु।

३१. स्थानीय सरकारका योजना तर्जुमा, निर्णय प्रक्रिया, सेवा व्यवस्थापन तथा प्रशासनिक कार्यमा आधुनिक प्रविधिको उपयोग विस्तार गर्दै डिजिटल रूपान्तरणको आधार तयार गर्न कृत्रिम बौद्धिकता (AI) तथा आधुनिक डिजिटल उपकरणसम्बन्धी तालिम, अभिमुखीकरण र प्रयोगात्मक कार्यक्रम सञ्चालनका लागि आगामी आर्थिक वर्षमा रु. ३ लाख बजेट विनियोजन गरेको छु।

३२. गाउँपालिकाको विकास प्रक्रियालाई योजनाबद्ध, दिगो र नतिजामुखी बनाउन आवधिक योजना निर्माण तथा मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरी नीति, योजना र बजेटबीच प्रभावकारी समन्वय कायम गरिनेछ। उपलब्ध स्रोत साधनको प्राथमिकताका आधारमा परिचालन, कार्यक्रमको निरन्तरता, खर्चको पूर्वानुमान तथा वित्तीय अनुशासन कायम गर्दै दीर्घकालीन विकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३३. नागरिकको आधारभूत आवश्यकतासँग प्रत्यक्ष जोडिएका सेवाहरूलाई सहज र पहुँचयोग्य बनाउन लिफ्टिङ खानेपानी आयोजनाहरूको विद्युत महसुलमा अनुदान तथा घरायसी विद्युत प्रयोगतर्फ २० युनिटसम्मको महसुलमा अनुदान कार्यक्रमलाई निरन्तरता दिन रु ४४ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

३४. स्थानीय स्तरमा देखिने विवाद तथा द्वन्द्वलाई प्रभावकारी रूपमा समाधान गर्दै न्यायमा सहज पहुँच सुनिश्चित गर्न गाउँपालिकामा सूचीकृत मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धि तथा सीप विकासका लागि पुनर्ताजगी तालिम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३५. गाउँपालिकाबाट प्रवाह हुने सेवा तथा प्रक्रियालाई गुणस्तरीय, व्यवस्थित र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउन आवश्यक अध्ययन, सुधार तथा प्रमाणीकरण प्रक्रियालाई अगाडि बढाइनेछ। सेवा प्रवाहको गुणस्तर अभिवृद्धि, संस्थागत क्षमता विकास तथा उत्कृष्ट व्यवस्थापन प्रणाली स्थापना गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह (ISO) प्रमाणीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३६. वन्यजन्तुबाट कृषकहरूको कृषि उपजमा हुने क्षति न्यूनीकरण गर्दै स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गर्न गाउँपालिकाका विभिन्न वडामा आवश्यकताका आधारमा वन्यजन्तु हेरालु परिचालन गर्ने रोजगार कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि आगामी आर्थिक वर्षमा रु. १६ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

**श्रद्धेय सभाध्यक्ष ज्यू, गाउँसभाका सदस्य ज्यूहरु,**

अव म संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान र विशेष अनुदानमा प्राप्त मुख्य मुख्य योजना तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

३७. शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै शिक्षक तथा विद्यालय कर्मचारीको तलब भत्ता, दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, स्यानिटरी प्याड वितरण तथा विद्यालय सञ्चालन लगायतका कार्यक्रमका लागि कुल **रु. १९ करोड ५७ लाख** बजेट व्यवस्था गरिएको छ।

३८. नागरिकको आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्न स्वास्थ्यकर्मी तलब भत्ता, औषधि खरिद, मातृ तथा शिशु स्वास्थ्य, खोप, पोषण, महिला स्वास्थ्य

स्वयंसेविका कार्यक्रम तथा रुरुक्षेत्र स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम समेतका लागि कुल **रु. ५ करोड ८२ लाख** बजेट विनियोजन गरिएको छ।

३९. स्वास्थ्य क्षेत्रतर्फ प्राथमिक स्वास्थ्य सेवा, स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूको तलब भत्ता, आयुर्वेद सेवा, परिवार कल्याण, मातृ तथा शिशु स्वास्थ्य, खोप तथा पोषण कार्यक्रम, महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम, महामारी तथा क्षयरोग नियन्त्रण, औषधि व्यवस्थापन तथा रुरुक्षेत्र स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम समेत सञ्चालन गर्न कुल रु. ५ करोड ९९ लाख बजेट व्यवस्था गरिएको छ।

४०. कृषि उत्पादन वृद्धि, पशुपालन व्यवसायको प्रवर्द्धन, उद्यमशीलता विकास तथा रोजगारी सिर्जनालाई प्राथमिकता दिँदै कृषि स्नातक करार, रैथाने बाली प्रवर्द्धन, किसान सूचीकरण, कृषि तथा पशुपन्छी तथ्याङ्क अद्यावधिक, मासु उत्पादनका लागि पाडा प्रवर्द्धन, कृत्रिम गर्भाधान मिसन, पशु रोग नियन्त्रण, लघु उद्यम विकास कार्यक्रम, सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण तथा प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका गतिविधि सञ्चालन गर्न **कुल रु. ५२ लाख** बजेट व्यवस्था गरिएको छ।

४१. स्वच्छ खानेपानी, सुरक्षित आवास तथा सामाजिक संरक्षणलाई प्राथमिकतामा राख्दै **रुरुक्षेत्र एक घर एक धारा कार्यक्रमका लागि रु. १ करोड १० लाख**, सुरक्षित नागरिक आवास कार्यक्रमका लागि **रु. ८ लाख** तथा बाल संरक्षण, सामाजिक परिचालन र सामाजिक सुरक्षा सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

४२. प्रदेश सरकारबाट प्राप्त अनुदान अन्तर्गत कृषि उत्पादन वृद्धि, पूर्वाधार विकास, सामाजिक रुपान्तरण तथा आर्थिक विकासका कार्यक्रमहरू सञ्चालन गर्न बजेट व्यवस्था गरिएको छ। कृषि क्षेत्रतर्फ उखुजन्य उपजको बजारीकरण सहयोग कार्यक्रमका लागि रु. १० लाख तथा कफी तथा उखु प्रवर्द्धन कार्यक्रमका लागि रु. २१ लाख गरी कृषि तथा आर्थिक विकास क्षेत्रमा कुल रु. ३१ लाख बजेट व्यवस्था गरिएको छ ।

४३. बालबालिकाको सर्वोत्तम हित संरक्षण, बाल अधिकारको सुनिश्चितता तथा बाल विवाहमुक्त प्रदेश व्यापि अभियान अन्तर्गत कार्यक्रम संचालन गर्ने उद्देश्यले सामाजिक विकासतर्फ बाल विवाह न्यूनीकरण सम्बन्धी अभियान सञ्चालनका लागि रु. १० लाख बजेट व्यवस्था गरेका छौं ।

४४. भौतिक पूर्वाधार, पर्यटन प्रवर्द्धन, वातावरणीय संरक्षण, सुरक्षा व्यवस्थापन तथा स्थानीय आर्थिक विकासलाई प्राथमिकता दिंदै प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गत अधुरो कभर्डहल निर्माण वडा नं. १ को लागि रु. १० लाख, ग्वादी माध्यमिक विद्यालयको अधुरो तारबार सम्पन्न गर्न रु. १० लाख, रुरुक्षेत्र-५ स्थित देवीस्थान संरचना निर्माण तथा मर्मतका लागि रु. १० लाख, बम्घा मालिका-दाङसीर-पागा मोटरबाटो ढलानका लागि रु. २५लाख, बाहादी खोला- व्याडमाथि गैरा- बजादी- वास्पाटे- पोखरा मोटरबाटो निर्माणका लागि रु. १० लाख, रुरुक्षेत्र-३ मा रिचार्ज पोखरी निर्माणका लागि रु. १० लाख, रुरुक्षेत्र आर्थिक विकास कार्यक्रमका लागि रु. १० लाख, लामाखर्क मगर पल्लिटोल बस्ती तथा झमाडी कृषि सडक निर्माणका लागि रु. १० लाख तथा रिडी इलाका प्रहरी कार्यालयको पूर्वाधार निर्माण तथा मर्मत सम्भारका लागि रु. ८ लाख गरी कुल रु. १ करोड ३ लाख बजेट व्यवस्था गरिएको छ ।

**श्रद्धेय सभाध्यक्ष ज्यू, गाउँसभाका सदस्य ज्यूहरु,**

आर्थिक वर्ष ०८३/०८४ को आय व्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।

आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, विषयगत शाखाका कर्मचारीहरू, राजनीतिक दल, नागरिक समाज, टोल विकास संस्था, संघसंस्था तथा सम्पूर्ण रुरुक्षेत्रवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

सीमित स्रोत साधन र अनेकौं चुनौतीका बीच पनि नागरिकका अपेक्षा, आवश्यकता र स्थानीय सम्भावनालाई केन्द्रमा राखी तयार गरिएको यस बजेटले "कृषि, पर्यटन र स्वरोजगारमार्फत समृद्ध रुरुक्षेत्र" निर्माणको अभियानलाई थप गति दिने विश्वास लिएको छु। यस बजेटले शिक्षा, स्वास्थ्य, कृषि, पशुपन्छी विकास, पर्यटन, पूर्वाधार, सामाजिक सुरक्षा, सुशासन तथा सेवा प्रवाहका क्षेत्रमा नागरिकको प्रत्यक्ष लाभ र दीर्घकालीन प्रभाव पर्ने कार्यक्रमहरूलाई प्राथमिकता दिएको छ। बजेट कार्यान्वयनको क्रममा पारदर्शिता, जवाफदेहिता, जनसहभागिता र प्रभावकारितालाई उच्च प्राथमिकतामा राखिनेछ।

अन्त्यमा, यस सम्मानित गाउँसभाबाट प्रस्तुत बजेट तथा कार्यक्रम माथि प्राप्त हुने सुझावलाई आत्मसात् गर्दै बजेट तथा कार्यक्रमलाई पारित गरी सफल कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गर्दछु।

धन्यवाद।

जय रुरुक्षेत्र।

मिनादेवी गौतम

उपाध्यक्ष

मितिः २०८३ असार १० गते ।

## अनुसूची-१

| | चालु तथा प्रशासनिक खर्च | |
|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रम | रु. हजारमा |
| १ | कर्मचारी पारिश्रमिक (तलब भत्ता, ग्रेड, महंगी भत्ता, स्थानीय भत्ता, विमा कोष, प्रोत्साहन, संचयकोष, योगदानमा आधारित उपदान कोष) | २३००० |
| २ | पदाधिकारी सुविधा | ७५८८ |
| ३ | पोशाक | ५६० |
| ४ | औषधी उपचार खर्च | १०० |
| ५ | महङ्गी भत्ता | ५०० |
| ६ | कर्मचारी बैठक भत्ता | १००० |
| ७ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १२०० |
| ८ | अन्य भत्ता | १०० |
| ९ | पदाधिकारी बैठक भत्ता | २४०० |
| १० | कर्मचारी कल्याण कोष | ५०० |
| ११ | पानी तथा बिजुली | ८०० |
| १२ | संचार महशुल (इन्टरनेट) | ५०० |
| १३ | SMS प्रणाली खर्च | १०० |
| १४ | संचार महशुल | ३०० |
| १५ | इन्धन (एम्बुलेन्स) | ८०० |
| १६ | इन्धन (कार्यालय प्रयोजन) | १४०० |
| १७ | सवारी साधन मर्मत खर्च | १४०० |
| १८ | विमा तथा नविकरण खर्च | ४०० |
| १९ | मेशीनरी औजार मर्मत तथा संचालन खर्च | ४०० |
| २० | मसलन्द तथा कार्यालय सामग्री खर्च | १६५० |
| २१ | पुस्तक तथा सामग्री खर्च | १०० |
| २२ | इन्धन अन्य प्रयोजन | १०० |
| २३ | पत्रपत्रिका तथा सूचना प्रकाशन खर्च | ५०० |
| २४ | छपाई खर्च | ३०० |
| २५ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २०० |
| २६ | करार सेवा शुल्क (करार कर्मचारी पारिश्रमिक) | १२५०० |
| २७ | रोजगार कार्यक्रम संचालन खर्च | १६५० |
| २८ | तालिम तथा गोष्ठी (मासिक/चौमासिक/वार्षिक समिक्षा समेत) | ३०० |
| २९ | पदाधिकारी/ कर्मचारी तालिम | २०० |
| ३० | सीप विकास तथा जनचेतना तालिम, दिवस तथा गोष्ठी सम्बन्धी खर्च | २०० |
| ३१ | कार्यक्रम खर्च | १००० |

| | चालु तथा प्रशासनिक खर्च | |
|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रम | रु. हजारमा |
| ३२ | सार्वजनिक सुनुवाई कार्यक्रम खर्च | १५० |
| ३३ | अनुगमन मूल्याङ्कन खर्च | ८०० |
| ३४ | भ्रमण खर्च | १४०० |
| ३५ | आवधिक योजना निर्माण | ४०० |
| ३६ | मध्यमकालिकन खर्च संरचना निर्माण | २०० |
| ३७ | क्रित्रीम बैद्धिकता (AI) तथा आधुनिक डिजिटल उपकरण सम्बन्धि तालिम | ३०० |
| ३८ | नागरिक सन्तुष्टि सर्वेक्षण कार्यक्रम | १०० |
| ३९ | मेलमिलामकर्ता पुनर्ताजगी तालिम | २०० |
| ४० | विविध खर्च | ८०० |
| ४१ | अतिथि सत्कार खर्च | ५०० |
| ४२ | विविध खर्च (वडा कार्यालय) | ६०० |
| ४३ | सभा संचालन खर्च | ५०० |
| ४४ | टोलविकास संस्था सुदृढीकरण | २६० |
| ४५ | अन्य संस्थालाई अनुदान | १०० |
| ४६ | लिफ्टिङ्ग खानेपानी विद्युत महसुल अनुदान | २९५० |
| ४७ | अन्य सामाजिक सुरक्षा सहायता | १५०० |
| ४८ | सामाजिक सुरक्षा कोष | ५००० |
| ४९ | घरभाडा | ६० |
| ५० | सवारी साधन तथा मेसिनरी औजार भाडा | ३०० |
| ५१ | अन्य भाडा | १०० |
| ५२ | भैपरी आउने चालु खर्च | ५०० |
| ५३ | विद्युत महशुल अनुदान | १५०० |
| ५४ | इन्धन (हेभी इक्विमेन्ट) | १५०० |
| ५५ | योजना सम्झौता सम्बन्धि सफ्ट्वयर अपग्रेड तथा तालिम संचालन | २०० |
| ५६ | अन्तराष्ट्रिय गुणस्तर चिन्ह प्रमाणिकरण कार्यक्रम | ४०० |
| ५७ | सवारी साधन मर्मत खर्च (हेभी इक्विमेन्ट) | १४०३ |
| | **कुल जम्मा चालु खर्च तर्फ** | ८३४७१ |
| | | |
| १ | मेशिनरी तथा औजार | ८०० |
| २ | फर्निचर तथा फिक्चर्स | ५०० |
| ३ | कम्प्युटर सफ्टवेर निर्माण तथा खरिद खर्च | ३०० |
